लोकप्रिय समाचार
LOKPRIYA SAMACHAR.com

RuPaiya

नेत्रज्योति



# चौतारासाँगाचोकगढी नपामा निशुल्क दन्तशिविर

Like 31 Tweet Share 9

चौतारा साँगाचोकगढी नगरपालिकाले नगरको सम्पूर्ण नागरिकहरुको स्वास्थ्य सुरक्षा सम्बन्धी विषेश कार्यक्रमहरु गर्दै आएको छ ।



यसै सन्दर्भमा शनीबार  जिल्लाको सदरमुकाम चौतारा स्थित ५ नं. वडा कार्यालयमा निःशुल्क दन्त स्वास्थ्य शिविर कार्यक्रम भएको छ ।

Popular Posts

- 'वाम युवाहरुले एक्कासी आक्रमण गरे, तरुण युवाले प्रतिकार मात्रै गरेको हो'
- 'तरुण युवा विरुद्ध भ्रामक र कपोकल्पित प्रचार गरे छाडिन्न'
- ऐतीहासिक ५ पोखरी गाँउपालीका बन्छ प्रमुख टासी लामा
- सिन्धुपाल्चोक नमुना जिल्ला पर्ने मन्त्रीतामाङ
- राख्यो चौताराले सिसिक्यामारा
- चौतारामा बन्ने भयो प्राबिधीक महाबिद्यालय
- शुरु हने भयो चौतारमा सडक कालोपत्र काम
- अवलोकनमा जाँदा ठेकेदार नियन्त्रणमा
- लोकतन्त्रबादी गठबन्धनको जीत सुनिश्चितः बस्नेत
- सेनाका उपरथी सिलवालद्धारा मन्दीर सिल्यान्यास

add5
add4

Recent Updates

- भरतपुरमा झडप, प्रहरीद्वारा हवाई फायर
- स्थानीयले गरे मध्ये भोटेकोशीमा अनिश्चितकालिन तालावन्दी
- जलविदुयतमा जिल्लालाई आकर्षक रोयल्टी
- सीपमा आधारित तालिम समापन
- साढे ८ हजारलाई नयाँ नागरिकता
- ट्रिपर र स्काभेटर प्रहरी नियन्त्रणमा

Recomment to Your Friends

Current Views

add3

Add here

Blog Archive

June (104) ▼



उक्त शिविरमा १ सय ९४ जना दन्तरोगीहरुले वरिष्ठ डाक्टरहरुद्वारा दन्तरोग परीक्षण, दाँतको सफाई, किरा लागेको निकाल्ने र दाँतको उपचार गराई रोग अनुसारको औषधी लिई फर्केका थिए । रियल मेडिसिन फाउण्डेसन नेपालको सहयोगमा सम्पन्न  उक्त शिविरको आयोजना चौतारा साँगाचोकगढी नगरपालिका स्वास्थ्य शाखाले गरेको थियो भने नेपाल डेण्टल साइन्स हाइजिनिष्ट एसोसियसनको प्राविधिक सहयोग रहेको थियो ।




शिविर सम्पन्न भए पश्चात वडा नं ५ का वडा अध्यक्ष श्री नरमान श्रेष्ठको अध्यक्षतामा बसेको समीक्षा बैठकमा नेपाल डेण्टल साइन्स हाइजिनिष्ट एसोसियसनका अध्यक्ष श्री माइकल देवकोटाले दन्त समस्या अधिकांस समुदायमा प्रमूख

जनस्वास्थ्य समस्याको रुपमा रहेको र उपचार पद्दति महंगो भएको बताउनु भयो । पहुँच भन्दा बाहिर रहेको जनतालाई समुदायमै गई सहयोग गर्न पाउँदा आफू खुशी रहेको बताउनु भयो । सहयोगी संस्था रियल मेडिसिन फाउण्डेसन नेपालका कार्यक्रम ब्यवस्थापक श्री गणेश श्रेष्ठले दैवी प्रकोपमा परेका समुदायमा तुरुन्त पुगी सहयोग गर्ने संस्थाको नीति रहे अनुरुप सन २०१५ को भुकम्प पश्चात नेपालमा आफ्नो सहयोग निरन्तर रहेको बताउनु भयो ।




हाल नेपालको विभिन्न जिल्लामा नियमित परियोजना सञ्चालन रहेको र आवश्यकता अनुसार स्वास्थ्य शिविरहरुमा सहयोग हुँदै आएको बताउँदै आगामी दिनमा चौतारा साँगाचोक गढी नगरपालिकासंग सहकार्य हुने अपेक्षा समेत गर्नु भयो । वडा अध्यक्ष श्री नरमान श्रेष्ठले जनउत्तरदायित्व वहन गर्दै नगरपालिकाले जनतासंग डाक्टर अभियान सञ्चालन गरेको र यस अन्तर्गत आज निःशुल्क दन्त शिविर सम्पन्न भएको बताउनु भयो । विभिन्न संस्थाहरुसंग सहकार्य गर्दै आगामी दिनमा पनि यस प्रकारका शिविरहरु सञ्चालन गरिने प्रतिबध्दता ब्यक्त गर्दै सहयोगी संस्थाहरुप्रति धन्यवाद ज्ञापन गनु भयो । त्यसै गरि जिल्ला स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकका परिवार नियोजन अधिकृत श्री दुर्गा बजगाईंले संघियताको मर्म अनुरुप केन्द्र तथा जिल्ला स्वास्थ्य कार्यालयमार्फत हुँदै आएका स्वास्थ्य गतिविधिहरु स्थानिय तहमा हस्तान्तरण भएको र यसलाई आत्मसात गर्दै स्वास्थ्य शिविरहरु सञ्चालन हुनु सराहनिय भएको बताउनु भयो । नगरपालिकाका स्वास्थ्य संयोजक श्री शिव पुरीले श्रोत साधनको सिमितताको बाबजुत विभिन्न संस्थासंग समन्वय गरी न पा का ३ वटा वडाहरुमा निःशुल्क दन्त शिविर आयोजना गरिएको बताउनु भयो । आगामी आ व मा १४ वटै वडामा यस्ता शिविरहरु सञ्चालनको लागि पहल गरिने समेत बताउनु भयो । समिक्षा बैठक स्वास्थ्य शाखाका कर्मचारी श्री केशव नापितले सञ्चालन गर्नु भएको थियो ।




चौतारा साँगाचोकगढी नगरपालिका स्वास्थ्य शाखाका अनुसार असार १७ गते आइतबार चौतारा साँगाचोकगढी नगरपालिका १३ ठूलोसिरुवारी स्वास्थ्य चौकीमा र १८ गते सोमबार साँगाचोक स्वास्थ्य चौकीमा निःशुल्क दन्त शिविर हुने भएको छ ।
नगरपालिका यस्ता शिविरहरु सञ्चालन गरेर नागरिकलाई आवश्यकता अनुसार निःशुल्क स्वास्थ्य सेवा दिइरहेको हुँदा नगरपालिकाले आयोजना गरेको निःशुल्क शिविरहरुमा गई सहभागि भई सेवा लिन सबै नागरिकहरुमा चौतारा साँगाचोकगढी नगरपालिकाका  प्रमुख प्रशाशकिय अधिकृत इन्द्रप्रसाद बस्यालले अनुरोध गर्नुभएको छ ।

Labels: bichar, samachar, sindhupalchowk, swasthya

Newer Post Home Older Post

lokpriyasamachar

Email :-lokpriyasamachar@gmail.com,Unicode| प्रेसकाउन्सिल च नं २२५८ ।२०७३।७४ सुचनाबिभाग दर्ता नं ४६६।२०७४।२०७५|सम्पादक तथा प्रकाशक: नेत्र बहादुर बस्नेत